# नमस्कार

# तिलोत्तमा नगरपालिका
# न्यायिक  समितिको प्रगति समिक्षा प्रतिवेदन
# मिति : २०७६।०१।०३

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिगग्राम, रुपन्देही–५ नं. प्रदेश नेपाल ।

# पृष्ठभूमि:

नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गरी राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह हुने तथा तीनवटै तहबाट संविधान र कानुन बमोजिम राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । जनताको नजिकको सरकारको रुपमा रहेका नगरपालिकामा उपप्रमुख र गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा एक न्यायिक समिति रहने संबैधानिक व्यवस्था रहेको छ । विवाद समाधानका वैकल्पिक उपायहरु अवलम्बन गर्दा न्यायिक निर्णयमा जीत-जीतको अवस्था सुनिश्चित हुने र न्यायप्रतिको सन्तुष्टि बढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो, कम झन्झटिलो तथा मेलमिलापमूलक प्रक्रियाबाट समाधान गर्ने गराउने अभिप्रायले वर्तमान सन्दर्भमा न्यायिक समितिबाट विवाद समाधान गर्ने नयाँ अभ्यासको थालनी भएको छ । सोही प्रावधान अनुसार यस तिलोत्तमा नगरपालिकामा पनि न्यायिक समिति स्थापना भई कामकाज भइरहेको छ ।

# संबैधानिक प्रावधानः

नेपालको संविधानको भाग १७ को धारा २१७ मा कानुनबमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गाउँसभा वा नगरसभाबाट निर्वाचित अन्य दुई सदस्य गरी तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ ।

# कानुनी प्रावधानः

स्थानीय स्तरका सामान्य प्रकृतिका विवादको समाधान गर्न गाउँपालिका तथा नगरपालिकामा न्यायिक समिति रहने नेपालको संविधानले व्यवस्था गरे बमोजिम न्यायिक समितिले अपनाउनुपर्ने विधि र कार्यविधिका आधारभूत पक्षलाई सम्बोधन गर्न निम्न कानुनी व्यवस्था रहेको छ ।

- स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था अन्तर्गत न्यायिक समितिको अधिकारक्षेत्र, अधिकारको प्रयोग, न्याय सम्पादन प्रक्रिया जस्ता विषयवस्तु समावेश भएका छन् ।

- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको नमुना प्राप्त भई त्यसमा न्यायिक समितिलाई व्यवस्थित बनाउन आधारभूत विषयवस्तुको व्यवस्था गरिएको छ । सो विधेयकलाई आधार मानेर यस नगरपालिकाले तिलोत्तमा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन, २०७५ स्वीकृत गरी कार्यावयनमा रहेको छ ।

# तिलोत्तमा नगरपालिकाको न्यायिक समितिको संगठनात्मक संरचनाः

यस तिलोत्तमा नगरपालिका मा निम्नानुसारको न्यायिक समिति रहेको छ :

- संयोजकः श्री जगेश्वर देवी चौधरी, उपप्रमुख
- सदस्यः श्री तुल्सी प्रसाद चौधरी
- सदस्यः श्री यज्ञेश्वर क्षेत्री

# समितिको कार्य विवरणः

- **स्थानीय सरकार सञ्चालन ऐन र प्रचलित कानुन बमोजिम देहायका विवादको निरुपण गर्ने :**
- क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
- ख) अर्काको बाली नोक्सानी गरेको,
- ग) चरन, घाँस, दाउरा,
- घ) ज्याला मजुरी नदिएको,
- ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,
- च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
- छ) नाबालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षादिक्षा नदिएको,

ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,

झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्नेगरी रुख विरुवा लगाएको,

ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

ठ) कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कूलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्यष्टि स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको,

(ड) सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

- **कानुबमोजिम देहायका मुद्दाहरु मेलमिलापको माध्यमबाट निरुपण गर्नेः**

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्काले चापी, मिचि, वा घुसाई खाएको ।

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना नबनाएको ।

(ग) पति-पत्नीको सम्बन्ध विच्छेद ।

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट ।

(ङ) गाली बेइज्जती ।

(च) लुटपिट ।

(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापर्वाही गरी अरुलाई असर पारेको ।

(ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको ।

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको।

(ञ) ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको ।

(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

**अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४९ को उफदफा ८ मा न्यायिक समितिले अन्तरिम संरक्षणात्मक आदेश दिन सक्ने व्यवस्था रहेको छ। न्यायिक समितिले अधिकारक्षेत्र प्रगोग गर्दा पति पत्नी बिचको वा ज्येष्ठ नागरिकको संरक्षण सम्बन्धी विवादमा पिडित, निजको नाबालक सन्तान वा निजसँग आश्रित अन्य कुनै व्यक्तिको हितको लागि सम्बन्धित पक्षलाई देहायको अन्तरिम संरक्षणत्मक आदेश समेत दिन सक्नेछ।

# *न्यायिक समिति गठन भएपछि हाल सम्मको उजुरीको विवरण*

## २०७५ असार मसान्त मसान्त सम्म संक्षेपमा न्यायिक समितिमा आएका मुद्धाहरु

- मेलमिलाप भएका मुद्धाहरु : ५२ वटा
- अदालतमा पठाएको मुद्धाहरु : ९ वटा
- कार्यालयमा छलफल गराएर अन्य निकायमा जान आदेश दिएका मुद्धाहरु : ५ वटा
- कार्यालयमा छलफल गराएर सहमतिको लागि वडा कार्यालयमा पठाएका मुद्धाहरु : ८ वटा
- छलफलको क्रममा रहेका मुद्धाहरु (आपसमै सहमति गर्न भनिएको) : ३ वटा
- जम्मा : ८३ वटा ।

# २०७५ असार मसान्त मसान्त सम्म संक्षेपमा न्यायिक समितिमा आएका मुद्धा प्रकृतिहरु :

| सि.न. | मुद्धाको प्रकृति | जम्मा संख्या |
|---|---|---|
| १ | सम्बन्ध बिच्छेद | ६ वटा |
| २ | गाली गलौज | २ वटा |
| ३ | हिसाबमिलान÷लेनदेन | १० वटा |
| ४ | क्षतिपूर्ति सम्बन्धि | ३ वटा |
| ५ | जग्गा विवाद ÷साँध सिमाना मिचिएको | ३६ वटा |
| ६ | अँश विवाद | ९ वटा |
| ७ | बाटो निकाश | ४ वटा |
| ८ | ज्येष्ठ नागरिक पालनपोषण नगरेको | १ वटा |
| ९ | लैङ्गिक हिंसा (खानलाउन नदिएको) | ७ वटा |
| १० | वातावरण प्रदुषण | १ वटा |
| ११ | पारिवारिक झैझगडा | २ वटा |
| १२ | बच्चा संरक्षण सम्बन्धमा | १ वटा |
| १३ | पानीको निकाश | १ वटा |
| | जम्मा मुद्धाहरु | ८३ वटा |

# २०७५ श्रावण देखि २०७५ फाल्गुन सम्म संक्षेपमा न्यायिक समितिमा आएका मुद्दाहरु

- मेलमिलाप/सहमती भएका मुद्दाहरु : ३५ वटा
- निर्णय भएको मुद्दाहरु : १ वटा
- अदालतमा पठाएको मुद्दाहरु :२ वटा
- कार्यालयमा छलफल गराएर सहमतिको लागि वडा कार्यालयमा पठाएका मुद्दाहरु : ३ वटा
- छलफलको क्रममा रहेका मुद्दाहरु : २३ वटा
- जम्मा : ६४ वटा ।

# न्यायिक समितिमा २०७५ श्रावण देखि फाल्गुन सम्म आएका मुद्धाका प्रकृतिहरु

| सि. न. | मुद्धाको प्रकृति | जम्मा संख्या |
|---|---|---|
| १ | जग्गा विवाद | २१ वटा |
| २ | अँश विवाद | ५ वटा |
| ३ | हिसाबमिलान÷लेनदेन | १० वटा |
| ४ | सम्बन्ध बिच्छेद | ३ वटा |
| ५ | घरेलु हिंसा | १२ वटा |
| ६ | बाटो निकाश | ४ वटा |
| ७ | फोहर व्यवस्थापन | २ वटा |
| ८ | सम्झौता कार्यान्वयन नभएको | ४ वटा |
| ९ | झैंझगडा | १ वटा |
| १० | पानी व्यवस्थापन | १ वटा |
| ११ | कुलो विवाद | १ वटा |
| | जम्मा मुद्धाहरु | ६४ वटा |

# हालसम्मका उपलब्धिहरु :

- १४७ वटा उजुरीहरुको दर्ता गरी कारवाही/किनारा गरेको ।
- विवादहरुको निरुपण गर्दा विवादका पक्षहरुकै सहमतीमा गर्ने गरेको ।
- तिलोत्तमा नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ पारीत भई सोहि अनूरुप विवादहरुको निरुपण प्रक्रियाको थालनी भएको ।
- यस नगरपालिकाको प्रत्येक वडाको प्रतिनिधित्व हुने गरी २५ जनालाई मेलमिलापकर्ताको ४८ घण्टे तालिम सम्पन्न ।
- न्यायिक समितिको कार्यविधि अनुसार विवादहरुको निरुपण मेलमिलाकर्ताको माध्यमबाट गर्नुपर्ने कानुनी व्यवस्था भएकोले मेलमिलापकर्ताको सुचिकृत हुने सूचना प्रकाशित गरी ३६ जना मेलमिलापकर्ता यस नगरपालिकाको कार्यालयमा सुचिकृत भएको ।

# समितिका चुनौतीहरु:

- अधिकार क्षेत्रभन्दा बाहिरका मुद्दाहरु आउनु ।
- अन्य निकाय, वडा कार्यालयहरुमा छलफल नगरी सिधै न्यायिक समितिमा निवेदन आउँदा न्यायिक समितिका संयोजकले अन्य कार्यबोझको अतिरिक्त धेरै मुद्दा समाधानमा समय व्यवस्थापन गर्नु ।
- न्यायिक समितिले उजुरीको कारवाही गर्दा अपनाउनुपर्ने कार्यविधि बनिसकेको अवस्थामा पनि प्रक्रिया पूरा गरी उजुरीको कारवाही गर्न कठिनाई ।
- कार्यविधि बमोजिमको ढाँचामा उजुरी नआउँदा मेलमिलाप लगायतका अन्य प्रक्रियामा कठिनाई परेको ।
- न्यायिक समतिबाट भएका केहि निर्णयहरु व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउनु ।

# भावी कदमहरु:

- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि अनुसार व्यवस्थित रुपमा कार्य सम्पादन गर्ने ।
- मुद्दा दर्ता प्रक्रिया,उजुरीको ढाँचालाई व्यवस्थित बनाउने ।
- मेलमिलापकर्ताको तालिम संचालन गरि मेलमिलापकर्ता सुचिकृत भैसकेकोले कार्यविधि बमोजिम मेलमिलापकर्ताको माध्यमबाट विवाद समाधान गर्ने ।
- प्रत्येक वडामा मेलमिलापकेन्द्र गठन गरि अझै नजिकको निकायबाट विवादहरुको निरुपण गर्ने व्यवस्था मिलाउने ।
- न्यायिक समितिमा आएका उजुरीहरुको सहज र सरल तरीकाले न्याय सम्पादन गरि दुवै पक्षलाई जित जितको अनुभुति दिलाउने ।

## निष्कर्ष:

- जनतालाई नजिकको स्थानबाट विवाद निरुपण गरी कम खर्चिलो , कम झन्झटिलो रुपमा विवाद समाधान गरी दुवै पक्षलाई जित-जित गराउने उद्देश्यले न्यायिक समितिको स्थापना गरी न्यायिक निर्णय गर्ने परिपाटी अति नै प्रभावकारी देखिएको छ । हाल नयाँ अभ्यासको रुपमा कामकाज गर्ने क्रममा केही अन्योलता सिर्जना भएको भए तापनि कार्यविधि व्यवस्थित बनाई कार्यमा सहजता ल्याउने कार्यको थालनी भएको छ । यस नगरपालिकामा दर्ता भएका मुद्दाका प्रकृति हेर्दा अदालती प्रक्रियाको लागि पहुँच नभई लामो समयसम्म अन्यायमा रहेका व्यक्तिहरुलाई न्याय प्राप्त गर्नको लागि सहयोग पुगेको देखिन्छ । जनताको अपेक्षा अनुसार नजिकको निकायबाट धेरै भन्दा धेरै विवादको निरुपण गर्ने र न्यायिक समितिबाट भएका सहमति र निर्णयहरुलाई व्यवस्थित बनाई व्यवहारमा कार्यान्वय गर्ने व्यवस्था मिलाउनु सान्दर्भिक देखिन्छ ।

# धन्यवाद ।